प्रदेश लोक सेवा आयोग, प्रदेश नं.२,
जनकपुरधाम ।

# समाचार पत्र

वर्ष-२, अंङ्क-२, पूर्णाङ्क-२, साउन-असोज २०७७



## समावेश भएका विषयवस्तुहरु

☞ **प्रदेश लोक सेवा आयोग समाचार**

- सम्माननीय प्रदेश प्रमुख समक्ष प्रदेश लोक सेवा आयोगको पहिलो वार्षिक प्रतिवेदन पेश
- अनलाईन दक्ष र विज्ञको सूचीमा नाम समावेश गर्ने निवेदन फाराम
- अनलाईन दक्ष र विज्ञको सूचीमा नाम समावेश गर्ने निवेदन फाराम भर्ने तरिका
- हाल सम्मको कार्य सम्पादनको अवस्था
- पाठ्यक्रमको मस्यौदा निर्माण
- आयोगमा कार्यरत कर्मचारीहरुको विवरण
- आयोगबाट बाहिर गएका कर्मचारीहरुको विवरण
- भ्रमण विवरण
- बजेट खर्च
- बारम्बार सोधिने प्रश्नहरु
- स्वत: प्रकाशन


## त्रैमासिक गतिविधिका तस्वीरहरु



आयोगको प्रथम बार्षिक प्रतिवेदन प्रदेश प्रमुखज्यूलाई पेश



आयोगको प्रथम बार्षिक उत्सवको अवसरमा अध्यक्षज्यूबाट मन्तवय वाचन ।



आयोगमा सचिव श्री वीरेन्द्र कुमार यादवज्यूलाई स्वागत ।

सम्पादक मण्डल :

दिपक कुमार कर्ण
अध्यक्ष
(उपसचिव)

गंगेश गुञ्जन झा
सदस्य
(अधिकृत आठौं)

प्रशन्न राज कर्ण
सदस्य सचिव
(कम्प्युटर अधिकृत)

## सम्माननीय प्रदेश प्रमुख समक्ष प्रदेश लोक सेवा आयोगको पहिलो वार्षिक प्रतिवेदन पेश

**प्रदेश लोक सेवा आयोग, प्रदेश नं. २**

प्रदेश लोक सेवा आयोग, प्रदेश नं. २ ले आ.ब. २०७६।०७७ मा सम्पादन गरेका काम कारबाहीहरूको विवरण र विश्लेषण सहितको प्रथम वार्षिक प्रतिवेदन नेपालको संविधानको धारा २४४ र प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को परिच्छेद १२, दफा ६६ बमोजिम मिति २०७७।०६।०६ गते मंगलबार दिनको ११:३० बजे माननीय प्रदेश प्रमुख श्री तिलक परियार ज्यू समक्ष प्रदेश प्रमुखको कार्यालय, मधेश भवनमा पेश गरिएको थियो ।

उक्त कार्यक्रममा प्रदेश प्रमुखको कार्यालयका सचिव लगायतका कर्मचारीहरू, आयोगका माननीय अध्यक्ष, माननीय सदस्यज्युहरू एवं अधिकृत कर्मचारीहरू तथा पत्रकारहरूको उपस्थिती रहेको थियो ।

प्रदेश प्रमुख कार्यालयका उपसचिव श्री होम घिमिरेज्यूवाट उद्घोषण, परिचय एवं स्वागत मन्तब्य व्यक्त भई सहजिकरण भएको थियो । आयोगको तर्फवाट आयोगका अध्यक्ष माननीय श्री सुरेन्द्र प्रसाद यादवज्यूले मन्तब्य राख्नु भएको थियो भने माननीय प्रदेश प्रमुख श्री तिलक परियारज्यूवाट आयोगलाई स्वागत, धन्यवाद एवं शुभकामना व्यक्त भएको थियो ।

आयोगका अध्यक्ष माननीय श्री सुरेन्द्र प्रसाद यादव ज्यूको मन्तब्यको सारांश यस प्रकार रहेको छ । आयोग, प्रदेश प्रमुख समक्ष प्रथम पटक औपचारिक साक्षात्कार हुन पाउँदा खुशी लागेको छ । प्रदेशको अभिभावकको जिम्मेवारी कुशलतापुर्वक सम्हालनु भएका माननीय प्रदेश प्रमुखज्यूको मार्ग दर्शन, सहयोग, समर्थन तथा बाधा अड्चन फुकाउन सहयोगको अपेक्षा सदैब आयोगले राखेको छ । नेपालको संविधानको धारा २४४ र प्रदेश लोक सेवा आयोग ऐन, २०७६ मा व्यवस्था भए बमोजिम २०७६ साल भदौ २२ गते आयोगको अध्यक्षको नियुक्ती भई प्रदेश लोक सेवा आयोग, प्रदेश नं. २ को स्थापना भएको हो भने २०७६ साल कार्तिक ४ गते वाँकी रहेका दुई सदस्यहरूको नियुक्ति भई आयोगले पूर्णता पाएको हो । योग्य र सक्षम कर्मचारीहरू निश्पक्ष रूपमा समयमा चयन गरेर प्रदेश तथा स्थानीय तहको कर्मचारी पुर्ति गर्ने जिम्मेवारी पुरा गर्न आयोग सदैव अब्बल रहने विश्वास दिलाउन चाहन्छ । आयोगले प्रदेश तथा स्थानीय तहहरूवाट पदपुर्तिकोलागी रिक्त पद समेत माग गरिसकेको छ । आयोगको

तर्फवाट प्रदेश लोक सेवा ऐन, २०७६ को परिच्छेद १२, दफा ६६ बमोजिम गत आ.व. २०७६।०७७ मा भए गरेको काम सम्वन्धी प्रथम वार्षिक प्रतिवेदन माननीय प्रदेश प्रमुख समक्ष पेश गर्न पाउँदा गौरवान्वित महसुस भएको छ । धन्यवाद ।

पदपुर्तिकोलागी रिक्त पद समेत माग गरिसकेको छ । आयोगको तर्फवाट प्रदेश लोक सेवा ऐन, २०७६ को परिच्छेद १२, दफा ६६ बमोजिम गत आ.व. २०७६।०७७ मा भए गरेको काम सम्वन्धी प्रथम वार्षिक प्रतिवेदन माननीय प्रदेश प्रमुख समक्ष पेश गर्न पाउँदा गौरवान्वित महसुस भएको छ । धन्यवाद ।

**अनलाइन दक्ष र विज्ञको सूचीमा नाम समावेश गर्ने निवेदन फाराम**

प्रदेश लोक सेवा आयोग, प्रदेश नं. २, जनकपुरधामले यस आर्थिक वर्षदेखि सर्वसाधारणको आयोग सम्मको पहुच अभिवृद्धी गर्ने उद्देश्यले अनलाइन दक्ष र विज्ञको सूचीमा नाम समावेश गर्ने निवेदन फाराम तयार पारेको छ । हाल सम्म यस आयोगको वेभसाइटमा उपलब्ध गराइएको वा आयोगमा उपलब्ध फारम भरी आयोगमा वा आयोगमा आइपुग्ने गरी उपलब्ध गराउनु पर्ने व्यवस्था मात्र रहेको थियो । अव उपरान्त विगतको व्यवस्था यथावत राख्दै अनलाइन फारम भर्ने व्यवस्था समेत थप गरिएको छ । उक्त अनलाइन फारमको व्यवस्था भए पश्चात स्नातकतह उत्तिर्ण गरेका आफ्नो विज्ञता प्रदान गर्न इच्छुक कुनै पनि व्यक्तीले विना कुनै कागजी प्रकृया जुनैवेला जहाँवाट पनि इन्टरनेट सुविधा भएको मोवाइल वा कम्प्यूटर प्रयोग गरी यस आयोगको वेभसाइटमा गइ उक्त फारम भर्न सक्नेछन । अनलाइन फारम भरेका व्यक्तीको फारम आयोगको दक्षहरूको सूची (Roster) मा सोझै दर्ता भइ जाने र त्यस उपरान्त आयोगले आयोगको आवश्यकतानुसार आयोगद्वारा हुने कुनै पनि प्रकृयामा समावेश गर्न सक्नेछ ।

**अनलाइन दक्ष र विज्ञको सूचीमा नाम समावेश गर्ने निवेदन फाराम भर्ने तरिका**

- आयोगको वेबसाइट https//:ppsc.p2.gov.np इन्टरनेट ब्राउजरमा खोल्नुपर्छ ।
- त्यसपछी फारामहरू मेनुमा क्लिक गर्नुपर्छ ।
- दक्ष र विज्ञको नाम समावेश गर्ने अनलाईन फाराममा क्लिक गर्नुपर्छ ।
- त्यसपछी दक्ष र विज्ञको नाम समावेश गर्ने अनलाईन फाराम आउने छ ।
- फारामा मागेको जानकारीहरू भर्नुपर्नेछ ।
- फाराम भरेपछी Verification को कोठामा दुई अंकको कुनै नम्बर भर्नुपर्नेछ ।
- त्यसपछी सबमिट बटनमा क्लिक गर्नुपर्नेछ ।

यती गरे पछि यहाँको नाम दक्ष र विज्ञको रोष्टरमा नाम समावेश भएको मानिन्छ ।

## हालसम्मको कार्यसम्पादनको अवस्था

### आयोगको कार्यसम्पादनको सारांस :

प्रदेश लोक सेवा आयोग, प्रदेश नं. २ मा हाल सम्म भए गरेका कार्यहरूको बुंदागत रूपमा तपसिल अनुसार प्रस्तुत गरिएको छ ।

१. प्रदेश तथा स्थानिय तहका रिक्त पदको माग पठाउन पत्राचार गरिएको ।

२. प्रदेश लोक सेवा आयोगको O&M प्रदेश सरकार (मन्त्रीपरिषद्) बाट स्वीकृत भएको ।

३. प्रदेश लोक सेवा आयोग नियमावली, २०७७ पारित गरी राजपत्रमा प्रकाशन गरिएको ।

४. प्रदेश लोक सेवा आयोगले गर्ने विज्ञापन सम्बन्धि परीक्षण प्रविधि बारे लोक सेवा आयोग, काठमाडौमा छलफल तथा परामर्श गरिएको ।

♦♦♦

## कर्मचारी व्यवस्थापन :

### आयोगमा कार्यरत कर्मचारीहरूको विवरण :

| क्र. सं. | पद | कर्मचारीको नाम थर | आयोगमा आएको मिति |
|---|---|---|---|
| १ | सचिव | श्री वीरेन्द्रकुमार यादव | २०७७।०६।१२ |
| २ | उपसचिव | श्री दीपक कुमार कर्ण | २०७७।०६।२८ |
| ३ | अधिकृत आठौं | श्री गंगेश गुंजन झा | २०७६।०७।०७ |
| ४ | कम्प्युटर अधिकृत | श्री प्रशन्न राज कर्ण | २०७७।०८।१३ |
| ५ | सहायक पाँचौ | श्री अमित कुमार यादव | २०७६।०८।२७ |
| ६ | सह लेखापाल | श्री राम प्रवेश यादव | २०७६।१०।२६ |

### आयोगबाट बाहिर गएका कर्मचारीहरूको विवरण :

| क्र. सं. | पद | कर्मचारीको नाम थर | गएको निकाय |
|---|---|---|---|
| १ | अधिकृत दशौं | श्री चिरन्जीवी गौतम | प्रदेश शिक्षा विकास निर्देशनालय, प्रदेश नं.२, जनकपुरधाम । |

### पाठ्यक्रमको मस्यौदा निर्माण :

| क्र.स. | पद | तह | सेवा, समूह |
|---|---|---|---|
| १ | नायव सुब्बा वा सो सरह | सहायक पाँचौं | प्रशासन, सामान्य प्रशासन |
| २ | खरिदार वा सो सरह | सहायक चौथौं | प्रशासन, सामान्य प्रशासन |

♦♦♦

बजेट खर्च :

यस असोज मसान्त सम्मको अवधिमा आयोगको कार्य सम्पादनका लागि भएको खर्चको अवस्था यस प्रकार रहेको छ ।

| क्र.सं | ब.उ.शि.नं.को नाम | विनियोजित बजेट | खर्च | बाँकी |
|---|---|---|---|---|
| १ | ३१००१०११३ चालु | २,३७,९६,०००.०० | १६,८९,५६५.०० | २,२१,०६,४३५.०० |
| २ | ३१००१०२०३ चालु | ४३,६३,०००.०० | १२,३४,२५१.०० | ३१,२८,७४९.०० |
| ३ | ३१००१०११४ पुजिंगत | ४२,६१,०००.०० | ५,५७,७१७.०० | ३७,०३,२८३.०० |
| **जम्मा** | | ३,२४,२०,०००.०० | ३४,८१,५३३.०० | २,८९,३८,४६७.०० |

## बारम्बार सोधिने प्रश्नहरू (**Frequently Asked Questions)**

*आयोगको प्रवक्ता श्री गंगेश गुञ्जन झा र सूचना अधिकारी श्री प्रशन्न राज कर्णले प्रदेश लोक सेवा आयोगको काम सम्बन्धी समसामयिक विषयमा सरोकारवालाहरूबाट बारम्बार सोधिने प्रश्नहरूको सम्बन्धमा तयार पार्नुभएको जानकारीमूलक विषयवस्तु :*

**१) उमेदवारको उमेर र योग्यताको गणना कसरी गरिने व्यवस्था छ?**

प्रदेश लोक सेवा आयोगबाट प्रकाशित विज्ञापनमा उमेदवार हुनका लागि दरखास्त दिने अन्तिम मिति सम्ममा प्रचलित कानून बमोजिम पुग्नु पर्ने उमेरपूरा भएको वा उमेरको अधिकतम हद ननाघेको हुनु पर्दछ । उमेदवारको उमेरको गणना गर्दा निजले दरखास्त फाराम साथ पेश गरेको शिक्षण संस्थाको प्रमाणपत्रमा उल्लेख भएको जन्ममिति, नागरिकताको प्रमाणपत्रमा उल्लेखित जन्म मितिबाट हुन आउने उमेर वा जिनले पेश गरेको उमेर खुलेको अन्य प्रमाणपत्रमा किटिएको जन्म मितिबाट हुन आएको उमेरमध्ये जुन उमेरबाट निज पहिले जन्मिएको देखिन्छ सो सोही आधारमा उमेरको गणना गरिन्छ । फाराम भर्न दिइएको अन्तिम म्याद पछि प्राप्त हुने शैक्षिक योग्यता, तालिम, समावेशीताको प्रमाणपत्र, सेवा अवधि र अनुभवलाई गणना गरिदैन । यस्तो अवधि गणना गर्दा दोब्बर दस्तुरको मितिलाई आधार मानिदैन ।

**२) परीक्षामा कस्तो अवस्थामा सहयोगी लेखक राख्न सकिने व्यवस्था छ ?**

प्रदेश लोक सेवा आयोग (कार्यसंचालन) निर्देशिका, २०७७ अनुसार कुनै परीक्षार्थीले परीक्षामा आफै लेख्न नसक्ने भई सहयोगी लेखक आवश्यक पर्ने भएमा विशेष परिस्थिति परेको अवस्थामा बाहेक परीक्षा सुरू हुन भन्दा १० दिन अगावै सहयोगी लेखक माग गरी आयोगमा लिखित निवेदन पेश गर्नु पर्दछ । यसरी सहयोगी लेखक माग भएमा १० कक्षा भन्दा मुनिको शैक्षिक योग्यता हासिल गरेको व्यक्तिलाई सहयोगी लेखक खटाउन सकिन्छ ।

♦♦♦

## स्वत : प्रकाशन (Proactive Disclosure)




सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम (३) बमोजिमको सार्वजनिक निकायहरूले गर्नुपर्ने स्वतः प्रकाशन (Proactive Disclosure) सम्बन्धी विवरण ।

| क्र.सं. | विवरण | व्यवस्था |
|---|---|---|
| १. | निकायको स्वरूप र प्रकृति | प्रादेशिक निकाय |
| २. | निकायको काम, कर्तव्य र अधिकार | नेपालको संविधानको धारा २४४ मा व्यवस्था भए बमोजिम, प्रदेश लोक सेवा ऐन, २०७६ बमोजिम । |
| ३. | निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण | विभिन्न पदका ७ जना |
| ४. | निकायबाट प्रदान गरिने सेवा | माग तथा पदपूर्तिको निरीक्षण, माग संकलन, प्रतिशत निर्धारण, विज्ञापन, सूचना प्रकाशन, पाठ्यक्रम निर्धारण, शैक्षिक योग्यता निर्धारणमा सहयोग, परीक्षा सञ्चालन, उपयुक्त उमेदवारको छनौट तथा सिफारिश, बढुवा उजुरीको सुनुवाई, पदपूर्ति सम्बन्धी सामान्य सिद्धान्तहरूको निर्माण, विभागीय कारवाही लगायत विषयमा परामर्श माग भई आएमा परामर्श प्रदान आदि । |
| ६. | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | कामको प्रकृति अनुसार फरक फरक हुने । |
| ७. | निर्णय गर्ने प्रक्रिया र अधिकारी | छलफल, कार्यदल, टिप्पणी, प्रस्ताव । |
| ८. | निर्णय उपर उजुरी सुन्ने अधिकारी | अधिकार प्रत्यायोजन अनुसार अधिकृतहरू, सचिव, आयोगका माननीय सदस्यहरू, माननीय अध्यक्ष । |
| ९. | सम्पादन गरेको कामको विवरण | माग तथा पदपूर्ति निरीक्षण, माग संकलन, प्रतिशत निर्धारण, विज्ञापन/सूचना प्रकाशन आदि । |
| १०. | प्रमुख सूचना अधिकारीको नाम र थर | प्रवक्ता श्री गंगेश गुञ्जन झा (अधिकृत आठौं)<br>सूचना अधिकारी श्री प्रशन्न राज कर्ण (कम्प्यूटर अधिकृत) |
| ११. | आयोगले आफ्नो कार्यसम्पादनका क्रममा आधार लिने गरेका ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | नेपालको संविधान<br>प्रदेश लोक सेवा आयोग ऐन, २०७६<br>निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५०<br>नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्वास्थ्य सेवा नियमावली, २०५५<br>विभिन्न सेवा, समूह सञ्चालन सम्बन्धी प्रचलित ऐन तथा नियमावलीहरू<br>सुरक्षा निकाय (प्रदेश प्रहरी) तथा संगठित संस्थाहरू सम्बन्धी ऐन, नियमावलीहरू<br>प्रदेश लोक सेवा आयोगका पदाधिकारी एवं दक्ष/विज्ञ र कर्मचारीहरूको आचार संहिता, २०७६<br>लोक सेवा आयोगबाट प्रतिपादित सिद्धान्तहरू<br>अन्य प्रचलित ऐन, नियम र निर्देशिकाहरू |
| १२. | आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण | आर्थिक प्रशासन सम्बन्धी विवरण सम्बन्धित शाखाबाट मासिक रूपमा आयोगको सूचना पाटीमा सार्वजनिक गर्ने गरेको |
| १३. | तोकिए बमोजिम अन्य विवरण | |
| | सार्वजनिक निकायको वेवसाइट भए सो को विवरण | website: https://ppsc.p2.gov.np<br>email: info.ppsc@p2.gov.np |

सूचनाको हक सम्बन्धी ऐन, २०६४ तथा नियमावली, २०६५ बमोजिम आयोग र मातहतका निकायहरूबाट सूचना माग र फर्छ्यौट सम्बन्धी विवरण

| क्र. सं. | सूचना माग कर्ताको नाम र ठेगाना | माग भएको सूचनाको विवरण | सूचना माग भएको मिति | फर्छ्यौटको विवरण |
|---|---|---|---|---|
| यो अबधिमा कुनैपनि सूचना माग नभएको | | | | |

पदाधिकारी तथा कर्मचारीहरूको विवरण ।

| फोटो | विवरण | सि.नं. | फोटो | विवरण |
|---|---|---|---|---|
|  | नाम: श्री सुरेन्द्र प्रसाद यादव<br>पद: माननीय अध्यक्ष<br>नियुक्ति मिति:२०७६/०५/२२ | ९. |  | नाम : रामप्रवेश यादव<br>पद : सह-लेखापाल |
|  | नाम: श्री महारुद्र झा<br>पद: माननीय सदस्य<br>नियुक्ति मिति:२०७६/०७/०४ | १०. |  | नाम : राम इश्वर यादव<br>पद : ह.स.चा. |
|  | नाम:डा. सुजाता देव<br>पद: माननीय सदस्य<br>नियुक्ति मिति:२०७६/०७/०४ | ११. |  | नाम : सुनिल कुमार मिश्र<br>पद : ह.स.चा. |
|  | नाम : श्री वीरेन्द्र कुमार यादव<br>पद : सचिव | १२. |  | नाम : श्री ध्रुव कार्की<br>पद : ह.स.चा. |
|  | नाम : श्री दीपक कुमार कर्ण<br>पद : उपसचिव | १३. |  | नाम : श्री रिना कुमारी यादव<br>पद : का.स. |
|  | नाम : श्री गंगेश गुन्जन झा<br>पद : अधिकृत आठौं | १४. |  | नाम : श्री फुल कुमारी मेस्तर<br>पद : का.स. |
|  | नाम : श्री प्रशन्न राज कर्ण<br>पद : कम्प्युटर अधिकृत | १५. |  | नाम : श्री अरमान दर्जी<br>पद : का.स. |
|  | नाम : श्री अमित कुमार यादव<br>पद : कम्प्युटर अपरेटर | | | |